अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)


# भजनी नगरपालिका , कैलाली

# स्थानीय राजपत्र

| खण्ड : ९ | संख्या : ४ | प्रमाणिकरण मिति:२०८२/०३/२५ | प्रकाशन मिति:२०८२/०३/२७ |
|---|---|---|---|


## भाग २ -

भजनी नगरपालिका टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधी, २०८२

**प्रस्तावना :** भजनी नगरपालिका क्षेत्रभित्र निश्चित भौगोलिक सिमाभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास,सुशासन प्रवद्धन गर्न, गाउँवस्ती स्तरको काममा अग्रसरता लिन, सामुदायिक कृयाकलापहरु संचालन गर्न, सामुदायिक परिचालन र सहभागिताको कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि यस भजनी नगरपालिकाले टोल विकास संस्थाको गठन तथा सञ्चालन कार्यविधि,२०८२ वनाई लागु गरेको छ ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

(१) यो कार्यविधिको नाम टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधी,२०८२ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(१) “कार्यालय” भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(२) “कार्य संजाल” भन्नाले टोल विकास संस्थाहरुको नगरपालिका स्तरीय कार्यसंजाल भन्ने सम्झनुपर्दछ ।

(३) “टोल विकास संस्था” भन्नाले टोल वस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकाशं घरधुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निमार्ण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई यस कार्यालयमा सूचिकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

(४) “नगरपालिका” भन्नाले भजनी नगरपालिकालाई सम्झनुपर्छ ।

(५) “पदाधिकारी” भन्नाले टोल विकास संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव,कोषाध्यक्ष सह-सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्दछ ।

(६) “भलमन्सा” भन्नाले समुदाय स्तरमा सामुहिक कार्यका लागि नेतृत्व गर्ने गाउँको मूल व्यक्ति लाई सम्झनुपर्छ ।

(७) “वडा” भन्नाले नगरपालिकाको सबै वडालाई सम्झनुपर्छ ।

(८) “वडागत समन्वय समिति ” भन्नाले वडाभित्र रहेका टोल विकास संस्थाहरुको प्रतिनिधित्वमा बनेको समिति लाई सम्झनुपर्छ ।

(९) “विधान” भन्नाले टोलविकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

(१०) “वैठक” भन्नाले टोलविकास संस्थाको संयुक्त वा छुट्टाछुट्टै वैठक सम्झनु पर्दछ। सो शब्दले टोल सभा अधिबेशनको बैठकलाइ समेत जनाउनेछ ।

(११) “सामाजिक सामिप्यता” भन्नाले समुदायका सदस्यहरूबीचको आपसी सद्भाव, सहकार्य, र साझा हितको भावनालाई सम्झनु पर्दछ ।

## परिच्छेद -२
## टोल विकास संस्था गठन तथा सूचीकृतसम्बन्धी व्यवस्थाः

**३. टोल विकास संस्थाको गठन :-** (१) बस्तीहरुको भौगोलिक तथा सामाजिक सामिप्यताका आधारमा टोल तथा वस्तीका वासिन्दाहरुको आम भेलावाट टोल विकास संस्थाको गठन गरिनेछ।

(२) उपदफा (१) वमोजिम गठन हुने संस्थामा एक घर एक सदस्य हुने गरि बढिमा एकसय जना सदस्य भएको टोल बिकास संस्था गठन हुनेछ ।

(३) बसाइसराइ वा घर छुट्टीई भिन्न भई उपदफा (२) बमोजिमको संख्या भन्दा बढी घर धुरी भएको खण्डमा उक्त संख्यामा बढीमा वीस जना सदस्य थप गर्न सकिने छ ।

(४) उपदफा २ वमोजिमको टोल विकास संस्था गठन गर्दा सभाको निर्णय अनुसार वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आम भेलावाट हरेक घरधुरीवाट एकजना भन्दा बढि नपर्ने गरी सामाजिक सामिप्यताका आधारमा सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन गरिनेछ ।तर यस दफा वमोजिम आम भेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतवाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन ।

(५) दफा (३) को उपदफा (२) वमोजिम गठित संस्थाको कार्यक्षेत्र भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाईएमा वा कुनै घरधुरी उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरीलाइ सम्वन्धित संस्थामा समावेस गराई दर्ता प्रक्रियाको लागि सिफारिस सहित नगरकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

(६) दफा ३ को उपदफा २ वमोजिम गठन हुने टोल विकास संस्थाको नामांकन गर्दा कुनै जाती धर्म वा स्थानीय व्यक्तिको पहिचान हुनेगरी नराखी स्थानीयताको विशेष पहिचानलाई उच्च प्राथमिकता राखि अन्य टोल विकास संस्थासंग नाम नजुध्नेगरी सर्वसम्मत ढंगबाट नामांकन गर्नु पर्नेछ।

(७) उपदफा ५ वमोजिम दर्ता भएको संस्थालाई वडा कार्यालयमा सुचिकृत गर्नुपर्ने छ ।

(८) यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि एउटा घरधुरी एकभन्दा वढी टोल

विकास संस्थाको सदस्य वन्न पाउने छैन ।

(९) टोल विकास संस्थाको आफ्नो छुट्टै विधान हुनेछ ।उक्त विधानमा अनुसूची २ मा उल्लेख भए वमोजिमका विषयहरु समाबेश गरि यस कार्यविधिसंग नबाझिने गरि केहि विषय थप गरि विधान बनाउन सक्नेछ, ।

(१०) टोल विकास संस्थालाई हरेक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने छ ।नवीकरणका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस,लेखापरीक्षण प्रतिबेदन, करचुक्ता प्रमाण पत्र र टोल सभा अधिबेशनको निर्णय सहित नगरपालिकामा दरखास्त दिनुपर्ने छ ।

(११) संस्थाको नवीकरण प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीले गर्ने छ ।

(१२)टोल विकास संस्था गठन भएका समुदाय वा टोलमा वडघर/भलमन्सा छनौट भएको भए निजलाई सम्वन्धित टोल विकास संस्थाको सल्लाहकार सदस्यको रुपमा मनोनयन गर्न सक्नेछ।

**४. टोल विकास संस्थाको सदस्यता :** टोल विकास संस्थाको सदस्यता देहाय वमोजिम प्राप्त गर्न सक्नेछन।

(१) दफा (३) को उपदफा (२) वमोजिम गठन हुने टोल विकास संस्थामा एक घर धुरी एक सदस्य हुनेगरी सदस्यता वितरण गर्नुपर्ने छ । सदस्य हुन घरमूली अनिवार्य नभई सम्बन्धित परिवारको उमेर पुगेको व्यक्तिले टोल विकास संस्थाको सदस्य हुनेछ।

**५. टोल विकास संस्थाको कार्य समिति :** (१) टोल विकास संस्थाले आफ्नो विधानमा ब्यवस्था भए बमोजिमका पदाधिकारी सहित कार्यसमितिको छनोट सम्बन्धित टोल सभाबाट गर्नेछ ।

(२) उपदफा (१) वमोजिम गठन भएको कार्यसमितिको पदाधिकारीहरुको छनोट गर्दा समावेशीताको सुनिश्चिता हुने ब्यवस्था मिलाउनुपर्ने छ।अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ।

(३) उपदफा (१) वमोजिमका पदाधिकारीहरुको कार्यकाल दुई बर्ष हुनेछ।अध्यक्ष, सचिव,कोषाध्यक्ष र लेखा समितिमा लगातार दुई कार्यकाल भन्दा बढि उम्मेदवार हुन पाउने छैन।

(४) संस्थाका पदाधिकारीको योग्यताः (१) संस्थाको पदाधिकारीमा नियुक्तिका लागि देहायको व्यक्ति योग्य हुनेछ ।

क) नेपाली नागरिक,

ख) राजनितिक दलको कुनै पनि समितिको पदमा बहाल नरहेको,

ग) सम्बन्धित टोलको बासिन्दा भएको,

घ) फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको ,

ङ) सरकारी तथा गैरसरकारी संस्थाको कुनै लाभको पदमा बहाल नरहेको ।

च) सरकारी तथा गैर सरकारी संस्थाको पेश्की बेरुजु नरहेको ।

(२) संस्थाको पदाधिकारीमा नियुक्तिका लागि लामो समय देखि सम्बन्धित टोलमा बसोबास गरेको तर नेपालि नागरिकता प्राप्त नभएको व्यक्तिलाई सम्बन्धि वडा कार्यालयको बसोबास प्रमाणितका आधारमा सदस्य पदमा मात्र रहन पाउने छ ।

६. टोल विकास संस्थाले आवश्यकताका आधारमा विभिन्न विषयगत उपसमितिहरु गठन गरि परिचालन गर्न सक्नेछ। विषयगत उपसमितिहरुको भूमिका, जिम्मेवारी र प्रतिनिधित्व विधानमा तोकिए बमोजिम हुनेछ।

**७. कार्य समितिका पदाधिकारीको पद रिक्त सम्वन्धी व्यवस्थाः**

(१)दफा (५) को उपदफा (१) वमोजिम गठन हुने कार्य समितिका पदाधिकारीहरुको पद संस्थाको विधानमा ब्यवस्था भए बमोजिम रिक्त हुनेछ।

**८. संस्था सूचीकृतः** संस्थाको सूचीकृत देहाय वमोजिम हुनेछ ।

(१) संस्थाको आम भेलाले निर्णय गरि दर्ता प्रमाण पत्रको प्रतिलिपि सहित आवश्यक कागजातहरु समावेश गरी संस्था सूचीकृतका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले अनुसूची ३ बमोजिमको ढांचामा प्रमाण पत्र दिनु पर्नेछ ।

## परिच्छेद - ३

## संस्थाको काम, कर्तव्य र अधिकार

**९. टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार :-** दफा (३) को उपदफा (२) वमोजिम गठित टोलविकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

(१) संस्थाले गरेका गतिविधिको वार्षिक रुपमा वडा कार्यालयमा प्रतिवेदन पेश गर्ने।

(२) संस्थाले आफ्नो बचत संकलन गरी परिचालन गर्ने ।

(३) टोल विकास संस्थाले कार्यक्षेत्रको सामाजिक, आर्थिक, पुर्वाधार, वातावरण संरक्षण, सडक बत्ती व्यवस्थापन र सरसफाई जस्ता कार्यको नेतृत्व गर्ने।

(४) वडाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याँकन कार्यमा वडा कार्यालयलाई सहयोग गर्ने र नागरिकको सहभागिताका लागि पहल गर्ने ।

(५) नगरपालिका र वडा कार्यालयलाई आवश्यक परेको विषयमा सहयोग गर्ने ।

(६) टोलवासीहरु मध्येबाट उद्यमी छनोट गरी कोषबाट ऋण लगानीको ब्यवस्था गर्ने र उत्कृष्ट उद्यमीलाई सहयोगका लागि सिफारिस गर्ने ।

(७) नागरिक समाजको रुपमा काम गर्ने ।

(८) सरकारी, ऐलानी/ प्रति जमिन, प्राकृतिक सम्पदा, सार्वजनिक स्थलको संरक्षण एंव सम्बर्द्धन गर्न वडा कार्यालयलाई सहयोग गर्ने ।

(९) संघ,प्रदेश र स्थानीय सरकारका कार्यक्रममा आवश्यक सहयोग गर्ने ।

(१०) वातावरण मैत्री तथा बालमैत्री वडा घोषणा गर्न आवश्यक पहल तथा सहयोग गर्ने

(११)टोलको आर्थिक तथा सामाजिक तथ्यांक अद्यावधिक गर्ने, सूचना अभिलेख राख्ने, गरिबीमा रहेका सदस्यहरुको निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने ।

(१२) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग सम्बन्ध स्थापित गरी टोल विकासको लागि सहजीकरण गर्ने ।

(१३)सामाजिक कु-प्रथा तथा लागूऔषध दुर्व्यसन जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रम संचालन गर्ने ।

(१४)भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता, हरियाली प्रवद्धन, विपद ब्यबस्थापन लगायतका विषयमा चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने।

(१५)नगरपालिकाको राजस्व संकलन एवं परिचालनको लागि सहयोग प्रदान गर्ने ।

(१६)नगरपालिकाबाट गरिबी निवारण तथा आय आर्जनका लागि लगानी भएका ऋण, अनुदानको सही सदुपयोग गराउन आवश्यक सहयोग गर्नुका साथै ऋण असुलीमा नगरपालिकालाई सहयोग गर्ने।

(१७) संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरिक्षण गर्ने गराउने ।

(१८) वडा समन्वय समिति तथा नगरपालिका तहको कार्यसंजालमा प्रतिनिधित्व गर्ने, योजनामा सहभागी हुने र संजालहरुले गरेको निर्णयहरु कार्यान्वयन गर्ने ।

## परिच्छेद – ४
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१०. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:** टोल विकास संस्थाका कार्यसमितिको पदाधिकारीहरुको काम, कर्तव्य र अकिार देहाय बमोजिम हुनेछ।

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार:-

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) आवश्यकता अनुसार औपचारिक बैठकहरुमा बैठकको अध्यक्षता गरि बैठक संचालन गर्ने वा सचिवलाई बैठक संचालनको जिम्मेवारी दिने ।

(ग) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

(घ) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) निर्णय पुस्तिका सुरक्षित राख्ने, राख्न लगाउने । निर्णयहरु कार्यन्वयन गर्ने ,गराउने ।

(च) संस्थाले आर्जन गरेका नगद वा जिन्सी सामानको परिचालन तथा संरक्षणको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज)नगरपालिका, वडा कार्यालय तथा अन्य संघ संस्थाहरुसंग हुने विशेष बैठकहरुमा प्रतिनिधित्व गर्ने।

(झ) समुदाय तथा संस्थाको हितका लागि विधानको पालना गर्ने, गराउने ।

(न्य) टोल विकास संस्थाहरुको वडागत समन्वय समिति तथा नगरपालिका स्तरीय टोल विकास संस्थाको कार्यसंजालमा भाग लिने वा प्रतिनिधि पठाउने ।

(ट) संस्थाको बैठकको निर्णय प्रमाणित गर्ने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार:-

(क) अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने
(ख) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्नुपर्ने कार्य गर्ने ।
(ग) अध्यक्षबाट तोकिएका अन्य कार्यहरु गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार :-
(क) अध्यक्षको आदेशानुसार संस्थाको बैठक बोलाउने ।
(ख) छलफलका प्रस्तावहरु संकलन गरि बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।
(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
(घ) कार्यसमितिबाट भए गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने ।
(ङ) अध्यक्षद्धारा तोकिएको अन्य कार्य गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-
(क) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
(ख) आम्दानी खर्चको लेखापरीक्षण गराउने ।
(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।
(घ) बैठकको निर्णय अनुसार बचत परिचालन गर्ने, ऋण लगानी तथा असुलीको अभिलेख राख्ने

(५) सह सचिवको काम, कर्तव्य र अधिकार :-
(क) सचिवको अनुपस्थितिमा सचिवले गर्नुपर्ने कार्य गर्ने ।
(ख) तोकिएका अन्य कार्य गर्ने ।

(६) सदस्यको काम, कर्तव्य र अधिकार :-
(क) बैठकमा उपस्थित भई छलफलमा सहभागी हुने ।
(ख) नियमानुसार मासिक बचत जम्मा गर्ने र अन्य सदस्यहरुलाई समेत बचत गर्न प्रेरित गर्ने ।
(ग) टोल विकास संस्थाबाट संचालित योजना तथा कार्यक्रममा आवश्यकता अनुसार लागत सहभागिता तथा श्रमदान गर्नुका साथै आयोजना तथा कार्यक्रमलाई दिगोपना दिन समुदाय परिचालन गर्ने ।
(घ) नगरपालिका र वडा कार्यालयबाट संचालित कार्यक्रममा विशेष सहभागी हुने तथा अन्य सदस्यहरुलाई समेत सहभागी गराउन पहल गर्ने ।
(ङ) आवश्यकयता अनुसार संस्थाको कार्यमा सहयोग गर्ने ।
(च) आफ्नो समुदायको विकासका लागि निरन्तर अगुवाई गर्ने, निर्णय कार्यन्वयनमा सघाउने ।

## परिच्छेद - ५
## संस्थाको बैठक र टोल सभा सम्बन्धी व्यवस्था :-

**११. कार्य समिति बैठक :-**

(१) संस्थाको बैठक मासिक कम्तिमा एक पटक र आबश्यकता अनुसार जतिसुकै पटक पनि बस्न सक्ने छ । बैठकको मिति कार्यसमितिले तोके बमोजिम हुनेछ ।

(२) नियमित मितिमा बैठक बस्न नसक्ने कुनै अवस्था आएमा अध्यक्षको परामर्शमा सचिवले सबैलाई जानकारी गराउनु पर्ने छ ।

(३) लगातार २ पटक भन्दा बढी अध्यक्षले बैठकको आव्हान नगरेमा एक तिहाई सदस्यले बैठकका लागि अनुरोध गरेमा सचिवले सिधै बोलाउन सक्ने छ ।

(४) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ, निजको अनुपस्थितिमा उपाध्यक्षले, उपाध्यक्षको समेत अनुपस्थित भएमा उपस्थित जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) कार्य समितिका बहाल रहेका सदस्य मध्ये कम्तिमा ६० प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ ।

**१२. टोल सभा**:- टोल सभा संस्थाको सर्वोच्च निकायको रुपमा हुनेछ । टोल सभाका काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ।

(१) टोल सभामा बहाल रहेका सदस्य मध्ये कम्तिमा ८० प्रतिशत सदस्यको उपस्थिति भएमा टोल सभा अधिवेशनको गणपुरक संख्या पुगेको मानिने छ । गणपुरक संख्या नपुगी पुनः दोश्रो पटक बैठक आह्वान गर्नु पर्दा ६० प्रतिशत र तेस्रो पटकको लागि ४० प्रतिशतलाई गणपुरक संख्या भएको मानिनेछ ।

(२) कम्तीमा बर्षको एक पटक टोल सभा अधिवेशन बोलाउनु पर्नेछ । अधिबेशनको मिति, समय र स्थान तोकी सात दिन अगाबै सभाका सदस्यहरुलाई सुचना दिनुपर्ने छ ।

(३) प्रत्येक टोल विकास संस्थाले आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्र आ-आफ्नो टोल विकास संस्थाको बार्षिक लेखापरीक्षण तोकिएको लेखा परीक्षकबाट सम्पन्न गरि सक्नु पर्नेछ।

(४) लेखापरीक्षणको छनोट सम्बन्धि प्रक्रिया नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) लेखापरीक्षण गर्दा एउटा लेखापरिक्षकले एउटा संस्थाको लगातार तिन पटक भन्दा बढी लेखापरीक्षण गर्न पाइने छैन ।

(६) लेखापरिक्षकको पारिश्रमिक तोक्ने ।

(७) टोल विकास संस्थाले चैत्र मसान्त भित्र वार्षिक टोल सभा अधिबेशन सम्पन्न गरि सो को जानकारी नगरपालिकामा दिनु पर्ने ।

(८) टोल क्षेत्रमा गर्नु पर्ने समग्र विकासका योजना तथा कार्यक्रम टोल सभाबाट पारित गरि वडा कार्यालयमा पेश गर्ने ।

(९) पदाधिकारीबाट भए गरेका कामको अनुमोदन गर्ने,टोल सभामा पेश भएका विषयमा सल्लाह सुझाव दिने र निर्णय गर्ने ।

(१०) लेखा समिति चयन तथा लेखा समितिको प्रतिवेदन माथि छलफल गर्ने ।

(११) संस्थाको नीति, निर्णय, बजेट योजना तथा कार्यक्रम सभाबाट पारित गर्ने ।निर्णयको प्रमाणीकरण संस्थाको विधानमा तोके बमोजिम हुनेछ ।

(१२) आवश्यकता अनुसार सल्लाहकार तथा विषयगत उपसमितिहरुको गठन एवं संयोजक चयन गर्ने ।

(१३) टोल सदस्यहरुको उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने ।

(१४) कार्यविधिको अधिनमा रही टोल विकास संस्थाको विधान पारित गर्ने, संशोधन गर्ने र स्वीकृतीका लागि नगरपालिकामा पेश गर्ने ।

(१५) आवश्यकता अनुसार टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

(१६) आगामी आ.व.का लागि टोल स्तरको योजना तर्जुमा गरि बैशाख मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्ने छ ।

**१३. विशेष टोल सभा अधिबेशनः-** (१) संस्थाको हितलाई ध्यानमा राखी नगरपालिका वा लेखा समितिबाट निर्देशन भएमा वा टोल सभाका कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले जुनसुकै वेला पनि विशेष टोल सभा अधिबेशन बोलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम टोल सभा बोलाउन निर्देशन वा माग भएको मितिले १५ दिन भित्र सभा नबोलाएमा दफा (११) को उपदफा (१) वमोजिम बैठक बस्न सक्ने छ ।

(३) उपदफा २ बमोजिम बस्ने बैठकको अध्यक्षता उपाध्यक्षले गर्ने छ, निजको अनुपस्थितिमा क्रमशः सचिवले, निजको अनुपस्थितिमा कोषाध्यक्षले, निजको अनुपस्थितिमा सह सचिवले, निजको समेत अनुपस्थितिमा टोल सभाका उपस्थित जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्थापन

**१४. कोष सम्बन्धी व्यवस्थाः-** (१)टोल विकास संस्थाको कोषमा देहायका श्रोतबाट रकम प्राप्त गरिने छ ।

(क) वडा, नगरपालिका, संघ र प्रदेश सरकारका कार्यालयबाट प्राप्त रकम।

(ख) विभिन्न गैर सरकारी संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान रकम|

(ग) संस्थाले संचालन गरेको बचत तथा आयमुलक कार्यबाट प्राप्त हुने रकम ।

(घ) सदस्यता शुल्कबाट उठेको रकम ।

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) बचत कर्ता बाट प्राप्त गरेको बचत रकमको कम्तिमा २५% रकम संस्थाको जगेडा कोषमा राख्नु पर्नेछ ।

**१५. खाता संचालन र व्यवस्थापनः-**

(१) संस्थाको आर्थिक कारोबार दोहोरो लेखा प्रणाली अनुसार हुनेछ। कोष परिचालनका लागि नगरपालिकाले थप कार्य गर्न सक्ने छ ।

(२) संस्थाको बैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट खाता संचालन गर्नु पर्ने छ।

(३) संस्थाले रजिष्टर्ड लेखा परिक्षकबाट बार्षिक लेखा परिक्षण गराउनु पर्ने, सो भन्दा पहिले साधारण सभाबाट गठित लेखा समितिले आन्तरिक लेखा परिक्षण गर्नु पर्नेछ ।

(४) संस्थाको कोष परिचालन टोल विकास संस्था कोष परिचालन निर्देशिकाले निर्दिष्ट गरे वमोजिम हुनेछ ।

परिच्छेद - ७

विविध

**१६. टोल विकास संस्थाको सिमाँकन, हेरफेर र एकीकरणः-**

(१) दफा (३) को उपदफा (१) वमोजिम गठित टोल विकास संस्थाको कार्य क्षेत्रमा १०० घरधुरी भन्दा बढी भै टुक्राउनु परेमा वा कम भई एकीकरण गर्नु परेमा कुनै एक टोल विकास संस्थाको टोल सभाले निर्णय सहित वडा कार्यालयमा प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव उपयुक्त ठानेमा वडा कार्यालयले सिमाँकन हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

**१७. निर्वाचन सम्बन्धी व्यवस्थाः-**

(१) दफा (९) वमोजिमको टोल विकास संस्थाका पदाधिकारीको चयन गर्न नगर कार्यपालिका कार्यालयमा टोलबिकास संस्था हेर्ने अधिकृत स्तरको कर्मचारी वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको सरकारी कर्मचारीको संयोजकत्वमा, टोल बिकास संस्थासंग सम्बन्धित गैह्र सरकारी संस्था प्रमुखले तोकेको एक जना र सम्बन्धित वडाको वडा सचिव रहेको तिन सदस्यीय एक निर्वाचन समिति गठन गरिनेछ।

(२) कार्य समिति चयन गर्दा सम्पूर्ण सदस्यहरुको सहमति बाट चयन गर्न प्रयास गर्नुपर्ने छ।लगातार तिन पटक सम्म पनि सहमति हुन नसकेमा चौथो पटक निर्वाचन प्रणालीमा जानुपर्ने छ।

(३) निर्वाचन सम्बन्धि कार्यविधि संस्थाले बनाई टोल सभा बाट स्वीकृत गर्नुपर्ने छ ।

**१८. टोल विकास संस्थाको सम्पति र दायित्वः-**

(१) टोल विकास संस्थाले आफ्नो सम्पत्ति साधारण सभाको निर्णयका आधारमा वडा कार्यालयको सहमतिमा व्यक्ति सरह भोग चलन गर्न पाउने छ ।

(२) टोल विकास संस्था कुनै कारणबस विघटन भएमा व्यक्तिगत बचत कोषको रकम बचत अनुपातको आधारमा सम्बन्धित बचतकर्तालाई वितरण गरि अन्य चल अचल सम्पति स्वतः वडा कार्यालयको स्वामित्वमा आउने छ ।

(३) टोल विकास संस्था विघटन भएमा सम्बन्धित वडा कार्यालयले संस्थाको चल,अचल, नगद र जिन्सीको अवस्थाको प्रतिवेदन तयार गरी उपलब्ध सदस्यहरुको हस्ताक्षर गराएर राखु पर्ने छ ।

**१९. संस्थाहरुको क्षमता विकास कार्यक्रमः-** संस्थाहरुका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम वडा, नगरपालिका र अन्य सरकारी तथा गैह्र सरकारी निकायको स्वीकृत कार्यक्रम बमोजिम संचालन हुनेछ।

**२०. संस्थाहरुले कार्यसंजाल बनाउन सक्नेः-**(१) भजनी नगरपालिका भित्र रहेका टोल विकास संस्थाहरुले आवश्यकता अनुसार वडा तहमा वडा समन्वय समिति र नगरपालिका स्तरमा कार्यसंजाल निर्माण गर्न सक्नेछन।

(२) वडा समन्वय समितिमा वडा अध्यक्ष सल्लाहकारको रुपमा रहने ब्यवस्था हुनेछ भने नगरपालिका स्तरको कार्यसंजालमा नगरपालिका प्रमुख र उपप्रमुख सल्लाहकारको रुपमा रहने ब्यवस्था हुनेछ।

(३) वडा समन्वय समितिले वडा कार्यालयको निकट रही कार्य गर्ने छ । पालिकास्तरिय सञ्जालले नगरपालिका सगं आवश्यकताका आधारमा समन्वय गर्ने छ ।

(४) नगरपालिका स्तरीय कार्यसंजालले नगरपालिकाको स्वीकृति र परामर्शमा नगरपालिकाको कार्यक्षेत्र भित्र सरकारी तथा गैर सरकारी संस्थासंग साझेदारीमा कार्यक्रमहरु संचालन गर्न सक्नेछ।

२१. **स्वीकृति लिनु पर्नेः-** यस कार्यविधिमा उल्लेख नभएका विषयमा कुनै कार्य गर्नु परेमा सम्बन्धित टोल विकास संस्थाले नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्ने छ ।

२२. **प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम र बाझिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

२३. **बाधा अड्काउ फुकाउः-** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगरपालिकाले पुकाउनेछ।

२४. **कार्यविधि संशोधनः-** नगरपालिकाले कार्यविधिको संशोधन वा खारेज गर्न सक्नेछ ।

अनुसूची - १

भजनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भजनी , कैलाली

## टोल विकास संस्था दर्ता प्रमाण-पत्र

दर्ता नं. .......

भजनी नगरपालिका वडा नं..........., स्थित.......................मा गठन भएको............................टोल विकास संस्थालाई यस भजनी नगरपालिकाको टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधि २०८२, बमोजिम यस कार्यालयमा दर्ता गरी कार्यविधिको दफा .....अनुसार यो प्रमाण-पत्र प्रदान गरिएको छ|

नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यबस्थापन र सुशासन लगायतका क्षेत्रमा सक्रिय सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दछु

दस्तखतः.......................

नाम थरः- .........................

प्रमुख प्रशासकीय अधिकृत

मितीः-..........

....................नविकरण

| नविकरण मिति | नबिकरण अवधि (देखि - सम्म ) | नविकरण गर्नेको नाम, थर | नविकरण गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची - २

(परिच्छेद २ को दफा ३ उपदफा ८ वमोजिम)

प्रस्तावना :-

१) संक्षिप्त नाम र प्रारम्भ
२) संस्थाको नाम र ठेगाना
३) परिभाषा
४) उद्देश्य
५) कार्य
६) कार्यक्षेत्र
७) संस्थाको सदस्य
८) सदस्यताको योग्यता
९) सदस्यताका लागि निवेदन र प्राप्ति
१०) सदस्यको समाप्ती
११) सदस्यताबाट राजीनामा
१२) पुनः सदस्यता
१३) पदाधिकारीको काम, कर्तव्य र अधिकार
१४) कृत्रिम छेकबार नलगाइने
१५) सदस्यता प्रमाण-पत्र
१६) प्रारम्भिक टोल सभा
१७) वार्षिक टोल सभा
१८) विशेष टोल सभा
१९) टोल सभाको बैठक
२०) टोल सभाको काम, कर्तव्य र अधिकार

२१) टोल सभाको निर्णय अनिवार्य हुने
२२) संस्थाको काम, कर्तव्य र अधिकार
२३) संस्थाको बैठक
२४) लेखा समिति
२५) कर्मचारीको नियुक्ती तथा सेवाका शर्त
२६) संस्थाको कोष
२७) जगेडा कोष
२८) कोषको सुरक्षा
२९) कोषको उपयोग
३०) स्वार्थ बाझीने निर्णयमा सहभागितामा प्रतिबन्ध
३१) कारोवारको लेखा
३२) आन्तरिक हिसाब जाँच
३३) वार्षिक हिसाब जाँच
३४) विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने
३५) प्रतिवेदन पेश गर्ने सम्बन्धमा
३६) टोल सभामा जानकारी गराउनुपर्ने
३७) हकवालाको मनोनयन
३८) हकदाबी वा नामसारी
३९) निर्वाचन
४०) शपथ ग्रहण
४१) विधान संशोधन
४२) टोल सभाले कार्यविधि बनाउन सक्ने
४३) ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने।
४४) बचाउ तथा खारेजी :-
४५) बिभीन्न अनुसूची हरु

अनुसुची - ३

टोल विकास संस्था सूचिकृत प्रमाण-पत्र

(परिच्छेद २ को दफा ७ को उपदफा २ वमोजिम)

भजनी नगरपालिका

## ......नं. वडा कार्यालय

......... , कैलाली

सुचिकृत नं. ..........

श्री ............... टोल विकास संस्था

वडा नं........

...... टोल, भजनी, कैलाली

टोल विकास संस्था सूचीकृत प्रमाण पत्र ।

भजनी नगरपालिका टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि,२०८२ को दफा.... बमोजिम तँहा संस्थालाई यस वडा कार्यालयमा सूचीकृत गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

वडाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यबस्थापन र सुशासन लगायतका क्षेत्रमा सक्रिय सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभ कामना व्यक्त गर्दछु ।

प्रमाण पत्र जारी गर्ने :

नाम :

पद : वडा सचिव

हस्ताक्षर :

मिति :

नविकरण.............................

| नविकरण मिति | नबिकरण अवधि (देखि - सम्म ) | नविकरण गर्नेको नाम | नविकरण गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले,

नीलमकुमार न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत